बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

# बागमती प्रदेश सरकार
## हेटौंडा, नेपाल

मितिः २०८३/०१/२८
बैठक सङ्ख्याः ९ (२०८२/०८३)

सचिव बैठकका निर्णयहरू

१) प्रदेश सरकार (म.प.) को मिति २०८३/०१/२२ को निर्णय बमोजिम २०८३/०४/०१ देखि लागु हुने गरी कायम हुने आठ वटा मन्त्रालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत) मातहतमा रहने सङ्गठन तथा दरवन्दी यकिन गर्ने सन्दर्भमा देहाय वमोजिम गर्ने गराउनेः-

क) साविकको एक भन्दा वढी मन्त्रालय गाभिने हकमा त्यसरी गाभिने मन्त्रालयका सचिवहरू मध्येको जेष्ठ सचिवको संयोजकत्वमा र अन्य सचिवहरू र आवश्यक पदाधिकारी सहितको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले मन्त्रालय र मातहतको निकायको सङ्गठन र दरवन्दी प्रस्ताव गरी यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयमा पठाउने,

ख) खण्ड (क) बमोजिम सङ्गठन र दरवन्दी प्रस्ताव गर्दाः-

अ) यथासम्भव प्रशासनिक/चालु खर्च न्यूनतम हुने गरी सङ्गठन तथा दरवन्दी प्रस्ताव गर्ने,

आ) गाभ्न मिल्ने कार्यालयहरू गाभ्ने र हटाउन वा घटाउन मिल्ने सङ्गठन तथा दरवन्दी हटाउने वा घटाउने गरी प्रस्ताव गर्ने,

इ) कानून बमोजिम वा जिम्मेवारीको हिसावले औचित्यपूर्ण भएमा वाहेक निर्देशनालयहरू हटाउने र ती निर्देशनालयले गरिआएको कार्य मन्त्रालयको महाशाखा मार्फत गर्ने व्यवस्था मिलाउने,

ई) एकै मन्त्रालय अन्तर्गत रहने कार्यालयहरू (छुट्टाछुट्टै रहनु पर्ने औचित्यपूर्ण अवस्थामा वाहेक) आपसमा गाभ्ने गरी प्रस्ताव गर्ने,

उ) मुख्य कार्य गर्ने दरवन्दीहरू प्रस्ताव गर्न प्रथमिकता दिने र सहायक कार्य गर्ने दरवन्दी अति आवश्यक र न्यूनतम प्रस्ताव गर्ने,

ऊ) सेवा करारमा लिने कार्य (कार्यालय सफाई, बगैंचा व्यवस्थापन आदि) को लागि दरवन्दी प्रस्ताव नगर्ने/ बजेट व्यवस्था गरी सेवा करार लिने व्यवस्था मिलाउने,

ऋ) सङ्गठन तथा दरवन्दी प्रस्ताव गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको स्वीकृत मापदण्ड समेतलाई आधार लिई प्रस्ताव गर्ने,

२) आगामी आ.व. २०८३/८४ को बजेट तर्जुमाको लागि मन्त्रालयहरूको अनुदान सङ्केत र कार्यालयहरूका लागि कार्यालय कोड आवश्यक पर्ने भएकोले र बजेट सिलिङ दिने कार्य अविलम्व गर्नु पर्ने सन्दर्भमा प्रस्तुत कार्यलाई उच्च प्राथमिकतामा राखी यथाशीघ्र सम्पन्न हुने व्यवस्था मिलाउने,

३) म.ले.प. को चौथो, पाँचौं र छैठौं प्रतिवेदन उपर प्रदेश सभा लेखा समितिमा निकट भविष्यमा छलफल हुने भएकोले प्रतिवेदनमा उल्लिखित बेरुजु फछ्र्यौटका लागि लेखा समितिसँग समन्वय गरी विवरण उपलव्ध गराउने तथा लेखा समितिको निर्देशन बमोजिम गर्ने गराउने,

४) गत भाद्र महिनामा भएको जेनजी आन्दोलनमा जलेर नष्ट भएका कार्यालय सामान, सवारी साधन, उपकरणको लिलाम तथा मिन्हा गर्ने विषयमा प्रदेश लेखा नियन्त्रकसँग समन्वय गरी प्रकृया अगाडि वढाउने।

बाबुराम अधिकारी
प्रमुख सचिव